# पूर्वखोला राजपत्र

पूर्वखोला गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ६, पूर्वखोला, मितिः २०७९/०६/२५, संख्याः २६


## भाग–२

### पूर्वखोला गाउँपालिका

### कार्यविधिको नाम : पूर्वखोला गाउँपालिकाको राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका परिचालन सम्बन्धि कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मितिः २०७९/०६/०५

**प्रस्तावनाः** नेपालको स्वास्थ्य क्षेत्रमा विगत लामो समय देखि नै महत्वपुर्ण योगदान पुर्याउदै आएका राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई परिचालन गर्दै स्वास्थ्य सेवालाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनिय देखिएकाले पूर्वखोला गाउँपालिका राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रम रणनीति

२०६७ (पहिलो सशोधन २०७६) बमोजिम राष्ट्रिय महिला सामुदायिक स्वयम सेविका परिचालन सम्वन्धी कार्यविधी तयार पारिएको छ।

१. <u>सम्क्षिप्त नाम र प्रारम्भः</u>

क) यस कार्यविधीको नाम पूर्वखोला गाउँपालिकाको "राष्ट्रिय महिला सामुदायिक स्वयं सेविका परिचालन सम्वन्धी कार्यविधी २०७९ रहेको छ।

ख) यो कार्यविधी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुने छ।

२. <u>परिभाषाः</u> विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

क) गाउँपालिका भन्नाले "पूर्वखोला गाउँपालिकालाई सम्झनु पर्छ।

ख) कार्यविधी भन्नाले पूर्वखोला गाउँपालिकाका महिला स्वास्थ्य स्वयं सेविका परिचालन सम्वन्धि कार्यविधी २०७९ सम्झनु पर्छ।

ग) कार्यपालिका भन्नाले पूर्वखोला गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

घ) राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका भन्नाले पूर्वखोला गाउँपालिका भित्र रहेका नियमानुसार छनौट भएका महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई सम्झनु पर्छ।

ङ) स्वास्थ्य सस्था भन्नाले यस गाउँपालिका भित्र आधारभुत अस्पताल, स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाइहरुलाई सम्झनु पर्छ।

च) स्वास्थ्य शाखा भन्नाले पूर्वखोला गाउँपालिकामा रहेको स्वास्थ्य शाखालाई सम्झनु पर्छ।

छ) स्वयं सेविका छनौट समिति भन्नाले नियमानुसार गठन भएको महिला स्वास्थ्य स्वयं सेविका छनौट समितिलाई सम्झनु पर्छ।

ज) अध्यक्ष भन्नाले पूर्वखोला गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

झ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले पूर्वखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

ञ) सेवा सुविधा भन्नाले संघ प्रदेश र यस गाउँपालिकावाट स्वीकृत भइ महिला स्वास्थ्य सेवालाई प्रदान गर्ने सेवा सुविधा सम्झनु पर्छ।

३. <u>उद्देश्यः</u>

क) स्वास्थ्य स्वयं सेविकाहरुलाई सेवामा उत्प्रेरणा जगाउन।

ख) गाउँपालिकाको स्वास्थ्य सम्वन्धी कार्यक्रमहरुमा महिला स्वास्थ्य स्वंय सेविकाहरुलाई परिचालन गरी निर्धारीत समयमै लक्ष्य हासिल गर्न।

ग) नियमित प्रवाह हुने स्वास्थ्य सेवाको प्रगति प्राप्त गर्न।

घ) संघ प्रदेश तथा गाउँपालिकाले निर्धारण गरेको स्वास्थ्य प्रवर्धन सम्वन्धी कार्यक्रमहरुका लक्ष्य तथा उद्देश्य हासिल गर्न।

४. <u>स्वास्थ्य आमा समुह गठन तथा कार्य विवरण सम्बन्धीः</u> आमा समुह गठन तथा छनौट गर्ने देहाय वमोजिमका आधारहरु निर्धारण गरेको छ।

क) आमा समुह गठनका लागी एउटै टोलका कम्तीमा २५ जना विवाहितमहिला, गर्भवती महिला, वच्चाका आमा तथा सासुहरु सहभागी भएको समुह हुनु पर्ने छ।

ख) पहिले देखि नै गठन भइ सञ्चालनमा रहेका आमा समुहहरुलाई नियम ४ क अनुरुप हुने गरी पुर्नगठन गर्न सकिने छ।

ग) सहभागीहरु मध्येवाट सर्वसम्मत रुपमा छनौट एक जना अध्यक्ष अन्य सहभागी सदस्य रहने र आमा समुहको सदस्य सचिवको काम महिला स्वास्थ्य स्वयं सेविकाले गर्नुपर्ने छ।

५. <u>महिला स्वयं सेविकाको छनौटः</u> राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका छनौट हुनको लागी देहाय बमोजिमको मापदण्ड पुरा भएको हुनु पर्ने छ।

क) स्वयं सेविकाकोरुपमा कार्य गर्ने महिला सम्वन्धीत वडा वा टोलको स्थायी वासिन्दा र आमा समुहको सदस्य हुनुपर्ने छ।

ख) निशुल्क रुपमा स्वयं सेवकको रुपमा काम गर्न इच्छुक हुनु पर्ने छ।

ग) उमेर २० वर्ष पुरा भइ ४० वर्ष ननाघेको वैवाहिक महिला हुनु पर्ने छ।

घ) कम्तीमा १० कक्षा पास हुनुपर्ने छ।

ङ) फौजदारी अभियोगमा कसुर नभएको तथा मानसिक सन्तुलन ठिक भएको हुनु पर्ने छ।

च) परिवारको मञ्जुरी भएको तथा सरकारी वा गैर सरकारीसस्थाको कर्मचारी र निर्वाचित पदाधिकारी नभएको हुनु भएमा स्वयम सेविका पद स्वत जाने छ। उक्त स्थानमा यसै विधि अनुरुप नयाँ छनौट हुने छ। हाल कार्यरत रहेकामा स्वतः यस विधिवाट भएको मान्य हुने छ।

छ) तोकीएको ढाँचामा निवेदन दिइ आमा समुहवाट छनौट भई स्वास्थ्य सस्था र वडाको सिफारिस भएको हुनु पर्ने छ।

ज) निवेदनहरु एक भन्दा धेरै भएमा सम्वन्धीत वडाको स्वास्थ्य सस्था प्रमुख वा प्रतिनिधी र वडा अध्यक्ष वा निजले तोकेको प्रतिनिधीको रोहवरमा सेवा क्षेत्र भित्रका आमा समुह मध्येका अधिकतम सदस्यहरुले छानेको महिला स्वास्थ्य स्वयमसेविका चयन गर्न सकिने छ।

झ) कुनै वडामा भौगोलिक तथा जनसंख्याको आधारमा स्वयं सेवकको रुपमा थप गर्न सकिनेछ त्यसरी थप गरिएका स्वयं सेवकलाई गाउँपालिकावाट सेवा सुबिधा प्रदान गरिनेछ ।

६. <u>काम कर्तव्य र जिम्मेवारी</u>

क) तोकिएको कार्य क्षेत्र भित्रका सम्पुर्ण घरधुरी उमेर समुहको जनसख्या प्रजनन् उमेरका महिलाहरुको सख्या लगायत सम्पुर्ण जनसंख्याको लगत राख्नु पर्ने छ।

ख) सम्वन्धीत स्वास्थ्य संस्थावडा र गाउँपालिकाको मातहतमा रही सेवा गर्नु पर्ने छ।

ग) नेपाल सरकारले तोकेको सम्पुर्ण स्वास्थ्य सम्वन्धी कृयाकलापहरुमा सहभागी भइ सहयोग गर्नुपर्ने छ।

घ) गाँउघर क्लिनिक खोप क्लिनिक राष्ट्रिय अभियान तथा गाउँपालिकाले तोकेको अभियानहरुमा सहभागी भइ सहयोग कार्य गर्नु पर्ने छ।

ङ) हरेक महिनाको अन्त्यमा आफुले गरेका कृयाकलापको प्रतिवेदन सम्वन्धीत स्वास्थ्य सस्थामा पेश गर्नु पर्ने छ।

च) नेपाल सरकारले स्थानियस्तरमा प्रदान गर्ने सेवा तथा गाउँपालिकाले आफ्नो गाउँ भित्रको स्थानियतहमा प्रदान गर्ने सेवा र प्रेषण कार्यमा नियमितरुपमा सहभागी भइ सेवा दिनु पर्ने छ।

छ) गाउँ कार्यपालिकाले घरधुरी जनसख्या गाउँ र टोल एकिन गरि महिला स्वास्थ्य स्वयं सेविकाको सख्या र कार्यक्षेत्र तोक्न सक्नेछ।

ज) महिला स्वास्थ्य स्वयमसेविकालाई पायक पर्ने गाँउ टोलमा आवश्यकता अनुसार खटाउन सकिने छ।

झ) स्वास्थ्य स्वयं सेविकाको आचारसहिता अनुसुचि १ वमोजिम हुनेछ।

७. <u>सेवा सुवि</u>धा

क) महिला स्वास्थ्य स्वयं सेविकाहरुको कुनै मासिक पारिश्रमिक हुने छैन।

ख) नेपाल सरकारले प्रदान गरेको पोशाक सुविधा तथा यातायात खर्च उपलव्ध गराइने छ।

ग) गाउँपालिकाले प्रदान गर्दै आएको मासिक बैठकमा आउदाको यातायात खर्च उपलब्ध गराइने छ ।

ग) सेवा उमेर पुगी सम्मानजनक विदाई हुदा नेपाल सरकारले तोके बमोजिम प्रोत्साहन रकम तथा गाउँपालिकाले समय अनुसार निर्णय गरी उपलव्ध गराउने रकम समेत एकमुष्ठ उपलव्ध गराइने छ।

घ) गाउँपालिकाको निर्णयअनुसार विभिन्न शिर्षकमा उपलव्ध गराइने प्रोत्साहन रकम नियमानुसार उपलव्ध गराइने छ।

ङ) स्वास्थ्य सेवालाई प्रभावकारी वनाउन गाउँपालिकाको स्विकृती लिइ कुनै संघ सस्थाले प्रोत्साहन गर्न तथा स्वास्थ्य सम्वन्धी काममा लगाउन सक्ने छ।

८. <u>सेवा उमेरको व्यवस्था तथा विदाई</u>

क) राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुको सेवा उमेर ६० वर्ष हुनेछ। नियमित रुपमा १० वर्ष सम्म सेवा प्रदान गरेकालाई कुनै स्वास्थ्य समस्या आई सेवा दिन असमर्थ भए पश्चात गाउँपालिकाले प्रोत्साहन स्वरूप बढीमा रु.२५०००/- (अक्षरुपी पच्चीस हजार मात्र) दिई विदाई गरिनेछ । सो रकमको १% सासु कर कट्टी गरिनेछ ।

ख) आमा समुहको सिफारिसमा गाउँपालिकाको स्वास्थ्य शाखाले राजिनामा स्वीकृत गरे पछि सेवा मुक्त भएको मानिने छ।

ग) सेवा मुक्त हुने अवस्थाहरु

- नेपाल सरकार वा गाउँपालिकले गैर कानुनी मानेको कार्यमा सम्लग्न भएमा
- मानसिक सन्तुलन गुमाएमा।
- फौजदारी अभियोगमा कसुरदार ठहरिएमा।
- बसाइसराइ गरी अर्को स्थान वडा वा पालिकामा गएमा।
- काम काज सन्तोषजनक नभएको भनि आमा समुहको निर्णय र माग वमोजिम सेवा सन्तोषजनक नभएको ठहरिएमा।

९. थपघट र हेरफेरः गाउँको आवश्यकता प्राथमिकता एवम् सन्दर्भ समेतलाई मध्यनजर गरी पूर्वखोला गाउँपालिकाले यस कार्यविधीमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्ने छ।

१०. बाधा अड्काउ फुकाउः यो कार्यविधी कार्यान्वयनको क्रममा कुनै बाधा आइपरेमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुने छ।

११. बचाउ तथा खारेजिः

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरु स्थानिय सरकार सञ्चालन ऐन २०७४ सगँ बाझिएको हदमा स्वत अमान्य हुने छ।

ख) यो कार्य विधी लागु हुनु भन्दा पहिले पूर्वखोला गाउँपालिका अन्तर्गत सञ्चालित कार्य यसै कार्यविधी मार्फत भए गरेको मानिने छ।

अनुसूची-१

<u>राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुले पालना गर्नु पर्ने आचारसहिता तथा प्रतिवध्दता</u>

१) स्वयंसेवि भावनाले समुदायको स्वास्थ्य अधिकार र पहुँचलाई मूलमन्त्र मानी नैतिकता इमान्दारिता र उच्च मनोवलका साथ कार्य गर्ने।

२) आफ्नो सिप र ज्ञानको उपयुक्त रुपमा सदुपयोग गरी विभिन्न स्वास्ग्य कार्यक्रममा सम्लग्न भई समुदायमा सेवास्थ्य सेवाको प्रवध्दर्न गर्ने।

३) आफु सम्वद्ध स्वास्थ्य आमा समुहप्रति इमान्दारी जवाफदेही तथा प्रतिवध्द भइ पुर्ण रुपमा कार्य गर्ने।

४) स्वयंसेवकको भावना र मर्मलाई कार्यगत रुपमा उतारी समुदायको स्वास्थ्य र भलाईको प्रवध्दन गर्ने।

५) सिकेका ज्ञान र सीपको समुचित प्रयोग गरी जनसमुदायलाई स्वास्थ्य सस्था तथा गाँउघर क्लिनिकवाट स्वास्थ्य सेवा लिन उत्प्रेरित गर्ने तथा स्वास्थ्य प्रवर्द्धन गर्न लगाउने।

६) समुदायसगँको व्यवहारमा सधै विनम्ररुपमा सहयोगी हुने तथा सेवाग्राहीको गोपनियता कायम राख्ने।

७) आर्जत ज्ञान सीपलाई सही सदुपयोग गरी गर्भवती आमा तथा नवशिशुको स्वास्थ्य उत्थानमा लाग्नु पर्ने छ।

८) स्वास्थ्य आमा समुहलाई सशक्तिकरण गर्ने तथा स्वास्थ्य स्वयम सेविका कोषको भावना र मर्म अनुसार यसको दिगोपना र प्रयोगमा सहभागी हुने।

९) समुदाय तथा व्यक्तिको मान्यता र सस्कृतिलाई कदर गरी पक्षपातरहित स्वास्थ्यक्षेत्रमा सञ्चालित अभियान कार्यक्रममा सकृयरुपले सहभागी हुने।

१०) महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाले पालन गर्न पर्ने नीति नियम तथा संघ प्रदेश र गाउँपालिका अन्तर्गत सञ्चालित कार्यक्रमहरुलाई प्राथमिकताका साथ सम्पन्न गर्ने।

११) जात लिङ्ग धर्म भाषा रङ्ग शारीरिक असक्तता तथा राजनैतिक विचारधारामा कुनै विभेद र आफ्नो सम्लग्नता नरहने।

प्रमाणिकरण मितिः २०७९/०६/२५

आज्ञाले
**मान बहादुर सारू**
प्रमुख प्रशासकीय अधिकृत